(सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)




२०८३ साल वैशाख १ देखी २०८३ साल असार मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

**(स्वत:प्रकाशन)**

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रदेश जनस्वास्थ्य कार्यालय

कुश्मा,पर्वत, नेपाल

स्वत: प्रकाशन

नेपालको संविधान २०७२को धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ का प्रत्येक सार्वजनिक निकाएहरुले आफुले सम्पादित गरेका क्रियाकलापहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। सूचनाको हकको संरक्षण र प्रचलन गराउन यस जनस्वास्थ्य कार्यालयले २०८३ साल वैशाख १ देखी २०८३ साल असार मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु प्रकाशित गरिएको छ। आगामी दिनहरुका स्वत:प्रकाशन लाई थप व्यवस्थित र मर्यादित ढंगले नियमित रुपमा अगाडी वढाउन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत प्रतिवद्ध रहेको जानकारी पनि गराउन चाहान्छौ।

**मिति: २०८३ साउन ०१ गते शुक्रवार**

विषयसूची


| क्र.सं. | विवरण |
|---|---|
| १ | प्रदेश जनस्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति |
| २ | प्रदेश जनस्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार |
| ३ | कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण |
| ४ | उजुरी सुन्ने अधिकारीको विवरण |
| ५ | कार्यालय वाट प्रदान गरिने सेवा |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी |
| ८ | सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी |
| ९ | सम्पादन गरेका कामको विवरण |
| १० | सूचना अधिकारीको नाम र पद |
| ११ | आर्थीक कारोवार सम्वन्धी विवरण |
| १२ | ऐन,नियम विनियम एंव निर्देशिकाको सूची |
| १३ | कार्यालयको पर्वतको वेवसाईट र अन्य विवरण |

## १ प्रदेश जनस्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको मातहतमा गण्डकी प्रदेशभरी ११ जिल्लामा जिल्लास्तरीय कार्यालय हरुमध्ये जनस्वास्थ्य कार्यालय पर्वत रहेको छ जहाँ २ वटा नगरपालिका र ५ वटा गाउँपालिका रहेका छन। बहुषक्षिय समन्वयमा राष्ट्रिय प्राथामिकता प्राप्त जनस्वास्थ्य सेवाको संचालन, समन्वय र सहजीकरणक मार्फत जिल्ला तथा स्थानीय तहमा कार्यक्रमको प्रभावकारिता र पहुँच अभिबृद्धिको नेतृत्व स्वास्थ्य कार्यालय पर्वतले गर्दै आएको छ। पर्वत जिल्लामा नियमित स्वास्थ्य सेवा प्रवाह गर्नको लागि १ सरकारी अस्पताल, ४ आधारभुत अस्पताल, १ निजि अस्पताल, ५० स्वास्थ्य चौकी, ६आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ शहरी स्वास्थ्य केन्द्र, २७ सामुदायिक स्वास्थ्य ईकाइ, १२५ गाउँघर क्लिनिक, १८४ खोप क्लिनिक, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ४ आयुर्वेद औषधालय, ५०० महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यरत छन। उल्लेखित संस्थाहरु मध्ये ३७ वटा वर्थिङ्ग सेन्टर, १८ वटा संस्था OTC, २ वटा BEONC Sites , १ वटा CEONC Site , २० वटा Safe Abortion Sites र १८ वटा संस्थामा प्रयोगशाला सेवा समेत संचालनमा रहेका छन। मुख्यतह पर्वत जिल्लाका ७ वटै स्थानीय तह, गण्डकी प्रदेश र संघिय सरकारको समन्वयमा प्रतिकारात्मक, प्रर्वधनात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रवाह गर्नको लागि व्यवस्थापक र सहजिकरणको भुमीका जनस्वास्थ्य कार्यालय पर्वतले निभाउदै आएको छ।

## २ प्रदेश जनस्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार

- प्रर्वद्धनात्मक तथा प्रतिकारात्मक सेवासँग सम्बन्धित जनस्वास्थ्य कार्यकमहरु (स्वास्थ्य शिक्षा, मातृ तथा नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, किशोर किशोरी स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोग, मानसिक रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको रोकथाम / नियन्त्रण / निवारण / उन्मुलन, स्वास्थ्य शिविर, ज्येष्ठ नागरिक स्वास्थ्य लगायत अन्य) को योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने
- स्थानीय तहबाट सञ्चालन गर्नुपर्ने स्वास्थ्य कार्यक्महरुको योजना निर्माणमा सहयोग गर्ने, स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य कार्यकमहरुको कार्यान्वयन गर्ने र स्थानीय स्वास्थ्य समस्याहरु समाधान गर्नका लागि सहजीकरण गर्ने
- जिल्लामा रहेका स्वास्थ्य संस्थामा आवश्यक पर्ने औषधी, खोप तथा औषधीजन्य स्वास्थ्य सामग्रीको परिमाण निर्धारण तथा पूर्वानुमान गरी खरिद, भण्डारण (कोल्ड चेन व्यवस्थापन) तथा वितरण एवं स्वास्थ्यजन्य फोहोरको व्यवस्थापन गर्ने
- सर्ने तथा नसर्ने रोगहरुको नियमित रुपमा स्कृनिड गरी रोगहरुको एकिकृत रुपमा निगरानी (पब्लिक हेल्थ सर्भीलेन्स) गर्ने
- विपद तथा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने

- एक स्वास्थ्य रणनीतिको आधारमा नयाँ तथा पुनः देखिएका रोगहरु, किटजन्य एवम् जुनोटिक रोगहरुको सम्बन्धित निकाय तथा अन्तर तह बीच समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने
- स्वास्थ्य सम्बन्धी तथ्याङ्कको नियमित विश्लेषण गरी एकीकृत विद्युतीय अभिलेख र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्ने
- मापदण्ड बमोजिम जिल्ला भित्रका स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति प्रदान, नविकरण, अनुगमन एवं नियमन गर्ने
- स्वास्थ्यकर्मीको प्राविधिक क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने
- सूर्तीजन्य पदार्थ, मदिरा र लागुपदार्थजन्य वस्तुको नियन्त्रण तथा नियमन सम्बन्धी कार्य गर्ने
- "सबै नीतिमा स्वास्थ्य" को अवधारणा अनुरुप स्वास्थ्यका बृहत निर्धारक तत्वलाई सम्बोधन गर्न बहुक्षेत्रीय सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने
- स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान गरी स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी र स्वास्थ्य योजनालाई तथ्यपरक बनाउने
- प्रदेशको स्वास्थ्य सेवा सुदृढीकरणका लागि आवश्यक नीति, ऐन, निर्देशिका, कार्यविधि, मापदण्ड, प्रोटोकल आदिको निर्माण, कार्यान्वयन र अद्यावधिक गर्न मन्त्रालयलाई सहयोग गर्ने
- आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अनुगमन तथा कार्यान्वयनमा सहजीकरण गर्ने
- मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन गर्ने
- औषधी निगरानी, औषधीको उचित प्रयोग र प्रतिजैविक प्रतिरोध न्यूनीकरण सम्बन्धी कार्य गर्ने
- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य सम्बन्धी कार्य गर्ने
- जनसङ्ख्या व्यवस्थापन तथा बसाइँसराइ सम्बन्धी कार्य गर्ने
- आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक) सम्बन्धी कार्य गर्ने
- प्रदेश सरकारबाट तोकिएका एवं प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यहरू गर्ने


## ३ कार्यालयमा रहने कर्मचारी संख्या

Website: www.hoparbat.gandaki.gov.np | जनसक्ति विवरण

### प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको जनशक्तिविवरण

| सि.न. | पदको विवरण | सेवा | समूह | श्रेणी/ तह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जनस्वास्थ्य अधिकृत वा सो सरह | स्वास्थ्य सेवा | हे.इ | ७/८ तह | १ | १ | २ छात्रवृत्ति करार |
| २. | तथ्याङक सहायक | आ.यो त. | तथ्याङ्क | ५/६ तह | १ | १ | ० |
| ३. | हे. अ. वा सो सरह | स्वास्थ्य सेवा | हे.इ. | ५/६/७ तह | २ | ३ | ० |
| ४. | प. हे. न | स्वास्थ्य सेवा | प.हे.न | ५/६/७ तह | १ | १ | ० |
| ५. | ल्याव टेक्निसीयन | स्वास्थ्य सेवा | मे.ल्याब.टे. | ५/६/७ तह | १ | १ | अध्यन विदामा |
| ६. | कोल्ड चेन | स्वास्थ्य सेवा | हे.इ | ४/५/६ तह | १ | १ | |
| ७. | प्रशासन | प्रशासन | सा.प्रशासन | ५/६ तह | १ | १ | |
| ८. | लेखा | प्रशासन | लेखा | ५/६ तह | १ | १ | |
| ९. | का. स. | श्रेणीविहिन | प्रशासन | श्रेणी बिहिन | २ | २ | २ करार |
| १०. | ह. स. चा. | श्रेणीविहिन | मे.ई | श्रेणी बिहिन | १ | १ | ० |
| | जम्मा | | | | १२ | १३ | |

Email: dhoparbat44@gmail.com | प्रदेश जन स्वास्थ्य कार्यालय पर्वत




## ४ उजुरी सुन्ने अधिकारीको विवरण

नाम : बद्रीराज आचार्य

पद : कार्यालय प्रमुख

मोवाईल नं : ९८५७६३५११९

ईमेल आइडी : dhoparbat44@gmail.com

## ५ कार्यालय वाट प्रदान गरिने सेवा

माथि जनस्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकारमा उल्लेख भएको तपशिल बमोजिम

- खोप सेवा
- वालस्वास्थ्य तथा पोषण सेवा
- परिवार नियोजन सेवा
- सुरक्षित मातृत्व सेवा
- रोग नियन्त्रण सेवा
- प्रयोगशाला सम्बन्धीत सेवा
- आर्थीक तथा प्रशासनिक सेवा

## ६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयमा शुल्क तिरेर लिने कुनै पनि सेवा नभएको हुदाँ कार्यालय वाट उपलब्ध हुने सम्पुर्ण सेवाहरु निशुल्क र समयमा नै पाप्त गर्न सकिन्छ ।

## ७ निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यक्रमकको सम्बन्धित फोकल पर्सनहरु  सगं सल्लाह गरी अन्तीम निर्णय कार्यालय प्रमुखले लिने व्यवस्था रहेको छ ।

## ८ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

*प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतमा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण*

| सि.नं | कर्मचारीको नाम थर | पद | सम्पर्क नं | सम्बन्धित शाखा | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बद्रिराज आचार्य | कार्यालय प्रमुख | ९८५७६३५११९ | आर्थीक प्रशासन | **dhoparbat44@gmail.com** | |
| २ | सन्देश पोख्रेल | जनस्वास्थ्य अधिकृत | ९८४३५२७८७५ | नसर्ने रोग | sandeshofficial@gmail.com | |
| ३ | इशिका खड्का | जनस्वास्थ्य अधिकृत | 9806547517 | मानसिक स्वास्थ्य | Ishukhadkadk@gmail.com | |
| ४ | नारायण प्रसाद रेग्मी | परिवार नियोजन सु. निरीक्षक | 9847788729 | परिवार नियोजन | regmi11nryn@gmail.com | |
| ५ | सुमन शर्मा | पब्लिक हेल्थ नसिङ्ग | ९८४७६४४१६२ | सुरक्षित मातृत्व | sumesarma42@gmail.com | |
| ६ | उज्वल तिवारी | ल्याव टेक्निसीयन | ९८४११२२८१२ | ल्याव | clstiwariujjwal@gmail.com | अध्यनन विदामा |
| ७ | तेज प्रसाद सुवेदी | सि.अ. हे. व | 9857625171 | पोषण | tejsubedi74@gmail.com | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | रामचन्द्र सुवेदी | तथ्याङ्क सहायक | 9841897227 | तथ्याङ्क | subedirc3@gmail.com | |
| ९ | गणेश आचार्य | लेखापाल | ९८५७६२०६२८ | लेखा | acharyaganeshac@gmail.com | |
| १० | प्रसाद वि.क | कोल्ड चेन सहायक | 9744597068 | कोल्डचेन | prasadbishwokarma923@gmail.com | |
| ११ | सावित्ता खत्री | विद्यालय नर्स | ९८६५६०२७६८ | विद्यालय स्वास्थ्य | sabitakhatri264@gmail.com | |
| १२ | सन्तोष क्षेत्री | कार्यालय सहयोगी | ९८४४७३४३२४ | - | - | |
| १३ | टंक बसेल | हलुका सवारी चालक | ९८४७६२५६६९ | - | - | |
| १४ | राधिका कडेल | कार्यालय सहयोगी | ९८६७६८०४०७ | - | - | |
| १५ | गंगा अधिकारी | कार्यालय सहयोगी | ९८४७६४३३६२ | - | - | |

## ९ यस त्रैमासिकमा सम्पादन गरेका कामको विवरण

- प्रत्येक महिना मासिक जनस्वास्थ्य वुलेटिन प्रकाशन
- नसर्ने रोगसम्बन्धी स्क्रिनिङ शिविर परीक्षणको अवस्था वारे जानकारी, परामर्श तथा अभिमुखीकरण कार्यक्रम
- एच आइ भी एड्स सम्बन्धि लान्छना र भेदभाव न्युनिकरण कार्यक्रम
- परिवार नियोजन सेवा सुदृढीकरण कार्यक्रम
- प्रजनन रुग्णता सम्बन्धि अभिमुखिकरण
- प्रजनन रुग्णताको एकिकृत शिविर
- नर्सिङ कर्मचारीहरुलाई प्रजनन रुग्णता सम्बन्धि अभिमुखिकरण
- Continuing Public Health Education (CPHE) कार्यक्रम
- महाशिला गाउँपालिका वडा नं ६ फलामखानी स्वास्थ्य चौकी मा पा ोषण लेखाजोखा कार्यक्रम
- समुदाय स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम निरन्तरता तथा विस्तार कार्यक्रको अभिमुखिकरण
- मासिक भर्चुअल सेसन भाग १८
- न्युनतम सेवा मापदण्ड कार्यक्रम
- गर्भवती महिलाहरूका लागि निशुल्क (Anomaly scan ) एनोमली स्क्यान कार्यक्रम
- रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) स्क्रिनिङ
- नसर्ने रोगसम्बन्धी स्क्रिनिङ शिविर
- आमाको दूध प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण ऐन२०४९ र नियमावली २०५१ (BMS ACT ) सम्बन्धि अभिमुखीकरण

- मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामका लागि संचारकर्मीलाई संवेदनशील रिपोर्टिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- नर्सिङ्ग कर्मचारीहरुको लागी किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम
- परिवार योजना किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समिक्षा एबम परिवार योजना सुदृढीकरण (Fp Data Pro ) सम्बन्धी अभिमुखिकरण कार्यक्रम
- कार्यालय सहयोगीहरुको लागि सक्रमण रोकथाम र खोप ढुवानी सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम
- पर्वत जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम
- क्षयरोग तथा कुष्ठरोग कार्यक्रमको जिल्ला स्तरिय कोहर्ट बिश्लेषण तथा योजना तर्जुमा गोष्ठि
- मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

## १० सूचना अधिकारीको नाम र पद

सुमन शर्मा

पब्लिक हेल्थ नर्सिङ निरिक्षक

९८४७६४४१६२

## ११ आर्थीक कारोवार सम्वन्धी विवरण

<u>आर्थिक वर्ष २०८२/८३ असार मसान्तर सम्मको भौतिक तथा वित्तिय प्रगति</u>

**प्रदेश नीति तथा योजना आयोग (योजना /अनुगमन तथा मुल्याङ्कन ) फा.नं. २**

**<u>अनुसुची - २ (आ.ब. २०८२।८३ को बार्षिक प्रगति प्रतिवेदन )</u>**

**१.आ.ब. २०८२।८३**

२. वजेट उपशीर्षक नं. :

**३. मन्त्रालय /कार्यालय : प्रदेश जनस्वास्थ्य कार्यालय , पर्वत**

४. कार्यक्रम/आयोजनाको नामः कार्यालयको सम्पुर्ण (प्रदेश समानिकरण + संघ सशर्त)

**५. स्थानः प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत**

६. आयोजना/कार्यालय प्रमुखको नाम : बद्रिराज आचार्य

७. जम्मा बजेट रकम रु. : 51855000.00

८. खर्च बजेट रकमः रु. : 36415836.00

९. वित्तिय प्रगति प्रतिशत 70.23%

**बजेटको किसिम : प्रदेश समानीकरण / संघ शसर्त अनुदान**

| क्र.सं | ब.उ.श.नं | कार्यक्रमको नाम | बिनियोजित बजेट | खर्च रकम | बाकी बजेट | भौतिक प्रगती % | वित्तिय प्रगती % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३७०९१०११३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | २,३४२,०००.०० | १२००७८४।० | ११४१२१६।० | 100.00% | 51.27% | |
| २ | ३७०९१०१३ | एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | २१०,००० | १७५३००।० | ३४७००।० | 100.00% | 83.48% | |
| ३ | ३७०९१०१७३ | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १,४५०,००० | ११६१२१८।० | २८८७८२।० | 100.00% | 80.08% | |
| ४ | ३७०९१०१४३ | परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | १५,०५४,००० | ११३३०९०४।० | ३७२३०९६।० | 73.68% | 75.27% | |
| ५ | ३७०९१०१८३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ३००,००० | १८०२९६।० | ११९७०४।० | 100.00% | 60.10% | |
| ६ | ३७०९१०१९३ | उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | १,५००,००० | ७०८३५०।० | ७९१६५०।० | 66.67% | 47.22% | |
| ७ | ३७००१०१६४ | स्वास्थ्य कार्यालयहरु | ३,८००,००० | २०८५४३०।० | १७१४५७०।० | 66.67% | 54.88% | |
| ८ | ३७०९१०१२३ | क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | ५०३,००० | ४८०६५०।० | २२३५०।० | 100.00% | 95.56% | |
| ९ | ३७०९१०१६३ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (संघ सशर्त) | १२०,००० | ११९८००।० | २००।० | 0.00% | 99.83% | |
| १० | ३७०९१०२०३ | नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कयिक्रम(संघ शसर्त अनुदान) | १,३६१,००० | ११८३१९४।० | १७७८०६।० | 100.00% | 86.94% | |
| ११ | ३७००१०१६३ | स्वास्थ्य कार्यालयहरु | २४,६७३,००० | १७६९४९१०।० | ६९७८०९०।० | 89.44% | 71.72% | |
| १२ | ३७०९१०१५३ | महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ५४२,००० | ९५०००।० | ४४७०००।० | 25.00% | 17.53% | |
| जम्मा | | | ५१,८५५,०००।०० | ३६४१५८३६।०० | १५४३९१६४।०० | 83.69% | 70.23% | |

श्रोतगत संक्षिप्त विवरण

| बजेट प्राप्तीको श्रोत | बिनियोजन तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुजिगत | कुल | चालु | पुजिगत | कुल | |
| प्रदेश सामानिकरण | २४,६७३,०००।० | ३,८००,०००।० | २८,४७३,०००।० | १७,६९४,९१०।० | २,०८५,४३०।० | १९,७८०,३४०।० | |
| संघ शसर्त | २३,३८२,०००।० | ( | २३,३८२,०००।० | १६,६३५,४९६।० | ( | १६,६३५,४९६।० | |
| कुल | ४८,०५५,०००।० | ३,८००,०००।० | ५१,८५५,०००।० | ३४,३३०,४०६।० | २,०८५,४३०।० | ३६,४१५,८३६।० | |

## १२ ऐन,नियम विनियम एंव निर्देशिकाको सूची

संघ र प्रदेश सरकार वाट प्राप्त तपशिल वमोजिमको ऐन, नियमावली र निर्देशिका लाई आधार मानी जनस्वास्थ्यका सम्पुर्ण कार्यक्रम संचालन गर्ने गरेको ।

- नेपालको संविधान २०७२
- जनस्वास्थ्य सेवा ऐन २०७५
- प्रदेश खर्चको मापदण्ड २०७९
- कार्यक्रम संचालन निर्देशिका संघ २०८२।८३
- कार्यक्रम संचालन निर्देशिका प्रदेश २०८२।८३
- सार्वजनिक खरिद ऐन २०६३

## १३ जनस्वास्थ्य कार्यालय पर्वतको वेवसाईट र अन्य विवरण

Web site: https://hoparbat.gandaki.gov.np

कार्यालय वाट हाल सम्म प्रकाशित वार्षीक प्रतिवेदनहरु

२०७८।७९,
२०७९।८०,
२०८०/८१
२०८१/८२